आज मिति २०८३।०४।२० गतेका दिन नर्स अभियन्ता ज्योती रानाभाटले मिति २०८३।०४।१४ गते देखि सुरु गर्नु भएको सत्याग्रहका सम्बन्धमा अभियन्ता र सरकारी वार्ता टोली बिच तपसिल बमोजिम सहमति भएको छ।

**सहमतिका बुँदाहरु:**

तत्काल कार्यान्वयन गर्नुपर्ने:

१. सरकारी, प्रतिष्ठान, निजी, सामुदायिक अस्पताल, मेडिकल कलेज तथा शिक्षण संस्थामा कार्यरत नर्स तथा मिडवाईफहरु लगायत स्वास्थ्यकर्मीहरुको पारिश्रमिक तथा सम्मानजनक सेवा शर्त सुविधा निर्धारण गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले ७ दिन भित्र कार्यदल गठन गरि कम्तिमा ६ महिना भित्र कार्य सम्पन्न गर्ने।

२. छात्रवृत्तिमा अध्ययन गरेका सबै शैक्षिक स्तरका नर्स तथा मिडवाईफहरू समेतको योग्यता र विशेषज्ञता अनुसारको तह, जिम्मेवारी, सेवा-सुविधा तथा नेतृत्वको अवसर समेटिने गरी नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७२ लाई ३० दिनभित्र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले संशोधन गर्ने।

३. राष्ट्रिय नर्सिङ तथा मिडवाईफ्री रणनीति २०७७/७८-२०८७/८८ बमोजिम सहायक नर्स-मिडवाईफ (अनमी) हरूलाई प्रविणता प्रमाणपत्र तह नर्सिङ तथा मिडवाईफ्री अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था सुनिश्चित गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

४. प्रविणता प्रमाणपत्र तह नर्सिङ तथा मिडवाईफ्री कार्यक्रममा भर्ना प्रयोजनका लागि आगामी शैक्षिक सत्रदेखि प्रवेश परीक्षाको नीति कायम गर्न शिक्षा तथा खेलकुद मन्त्रालय मार्फत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्लाई निर्देशन दिन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले २ दिनभित्र अनुरोध गर्ने।

५. सम्पूर्ण अस्पतालहरूमा Nursing Process, Nursing Care Plan, Nursing Documentation, Nursing Evaluation, औषधि व्यवस्थापन, संक्रमण नियन्त्रण, बिरामी सुरक्षा, प्रतिकूल घटनाहरू (Adverse Events) तथा नियमित Nursing and Midwifery Audit अनिवार्य रूपमा लागु गर्न साथै सोको प्रतिवेदन आफ्नो Website मा समेत सार्वजनिकिरण गर्न विशेषज्ञ तथा विशिष्टिकृत अस्पताल/प्रतिष्ठानहरूलाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले एक हप्ता भित्र परिपत्र तथा निर्देशन दिने र एकिकृत स्वास्थ्य तथा सूचना प्रणालीमा नियमित प्रतिवेदन गर्ने व्यवस्था सुनिश्चित गर्ने।

६. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को प्रावधान बमोजिम सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा Respectful Maternity Care (RMC) को अडिट गर्ने व्यवस्था मिलाउन र कडाईका साथ कार्यान्वयन गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सात दिन भित्र परिपत्र गर्ने र नेपाल नर्सिङ परिषद्ले सो को अनुगमन गर्ने।

७. Midwifery-led Continuity of Care Model अनुसार सेवा प्रदान गर्न र Nepal Safe Motherhood and Newborn Health Roadmap 2030 र नर्सिङ तथा मिडवाईफ्री रणनीतिमा उल्लेख भए बमोजिम अस्पतालहरुमा Onsite Midwife Led Birthing Unit स्थापना गर्नको लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले वार्षिक कार्यक्रममा बजेट विनियोजन गर्ने।

८. सम्पूर्ण अस्पताल (सरकारी, निजी तथा गैर सरकारी) तथा शिक्षण अस्पतालमा Minimum Service Standard (MSS) अनिवार्य लागु गर्ने र सो कार्यान्वयनका लागि मन्त्रालयले नियमित अनुगमन गर्ने ।

९. "एक स्वास्थ्यकर्मी-एक स्वास्थ्य संस्था" मापदण्ड संशोधन गरी नर्स/मिडवाईफ र अन्य स्वास्थ्यकर्मीलाई समेत लागु हुने व्यवस्था गर्ने।

१०. नेपाल नर्सिङ्ग परिषद्ले "निरन्तर व्यावसायिक विकास कार्यान्वयन फ्रेमवर्क (Continuous Professional Development Implementation Framework)" तयार पार्न १ महिना भित्र कार्य प्रारम्भ गर्ने।

११. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट संचालन गरिने तालिमहरुलाई निजी क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि समेत व्यवस्था गर्न ती तालिमहरुको ईकाई मूल्य तोक्न र मेडिकल कलेज/प्रतिष्ठान र पेशागत व्यवसायी संघहरुबाट संचालन हुने तालिम र प्रशिक्षकहरूको प्रत्यायन गर्न राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले ३ महिना भित्र व्यवस्था मिलाउने।

१२. नर्सिङ तथा मिडवाईफ्री शिक्षाको गुणस्तर, अनुसन्धान, निरन्तर व्यावसायिक विकास (CPD), नेतृत्व विकास, प्रमाणमा आधारित अभ्यास (Evidence-based Practice), विशेषज्ञता विकास तथा गुणस्तरलाई राष्ट्रिय प्राथमिकताका रूपमा संस्थागत गरी वार्षिक बजेट तथा कार्यक्रममा स्वास्थ्य संस्था/शिक्षण संस्था, नेपाल नर्सिङ परिषद् र मन्त्रालयले सुनिश्चित गर्ने साथै नेपाल नर्सिङ परिषद्ले नर्सिङ र मिडवाईफ्री जनशक्तिको रजिष्ट्रि नियमित रुपमा अध्यावधिक गर्ने ।

## क्षेत्रगत अधिकार सहितको कार्यदल गठन गरी अध्ययन प्रतिवेदन अनुसार कार्यान्वयन गर्ने:

१३. स्वास्थ्य सेवा ऐन र नियमावलीको मस्यौदा तर्जुमा गर्दा सेवा अवधि र दुर्गम सेवा समेतका बढुवा तथा स्तरवृद्धिमा अवरोध गर्ने दफा/उपदफाहरु हटाई नर्सिङ तथा मिडवाईफ्री लगायत सबै सेवा समूहलाई समान रुपमा बढुवा तथा स्तरवृद्धी सम्बन्धि व्यवस्था कायम गर्ने। साथै विभिन्न प्रतिष्ठान, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, अस्पताल व्यवस्थापन समिति, लगायतका संस्थाका नेतृत्त्वदायी पदहरुमा नर्सिङ तथा मिडवाईफहरुको समेत प्रतिनिधित्व हुने गरी ऐन तथा नियमावाली संशोधन गर्ने। साथै सेवा शर्त, सुविधा, जोखिमको वर्गीकरण अनुसार कम्तिमा २५% जोखिम भत्ता, लगायतको कानूनी व्यवस्था सुनिश्चित गर्ने।

१४. स्वास्थ्य सेवा ऐन तथा नियमावलीमा नर्सिङ र मिडवाईफ्री समूह/उपसमूहका विशेषज्ञता अनुसारका पद तथा पदनामहरू सुनिश्चित गर्ने। साथै प्रस्तावित स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको Organization and Management Survey र अब बन्ने संरचना (NHAA, CDC, FDA, आदि) मा विभिन्न तह (खास गरी नर्सिङ र मिडवाईफ्री जनशक्ति ९/१०औं तह र ११ औं तह) का दरबन्दी सुनिश्चित गर्ने। साथै स्वास्थ्य सेवाका सबै समुह मध्येबाट नेतृत्व रहन सक्ने गरी व्यवस्थापन गर्ने।

१५. स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७ (पहिलो संशोधन २०७८) मा व्यवस्था भए बमोजिमको Nurse/Midwife-to-Patient Ratio कार्यान्वयनको लागि Skill Mix सहित तहगत, समूहगत तथा विशेषज्ञता अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत नर्स तथा मिडवाईफको दरबन्दी सिर्जना तथा मापदण्डमा भएको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। करार सेवामा कर्मचारी भर्ना गर्ने प्रक्रियालाई क्रमशः विस्थापित गर्दै स्थायी पदपूर्ति प्रक्रिया सुरू गर्ने।

१६. नेपाल नर्सिङ परिषद् ऐन, २०५२ लाई समय सापेक्ष संशोधन गर्न र नर्सिङ तथा मिडवाईफ्री सेवा ऐन (Nursing and Midwifery Service Act) तर्जुमा गर्न अभियन्ताका तर्फबाट समेत प्रतिनिधित्व हुने गरी नेपाल नर्सिङ परिषद्ले नेतृत्व गर्ने। साथै नर्सिङ तथा मिडवाईफ्री शिक्षा र रोजगारीको अवसरमा लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति अनुसार कोटा छुट्याउन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले एक हप्ता भित्र समिति गठन गर्ने।

१७. Patient Safety, Clinical Governance, Quality Improvement तथा Quality of Care लाई स्वास्थ्य प्रणालीको अनिवार्य सूचकका रूपमा संस्थागत गर्ने। Incident Reporting System, Nursing-sensitive Indicators, Midwifery-sensitive Indicators तथा राष्ट्रिय Nursing and Midwifery Quality Improvement Framework निर्माण/परिमार्जन गरी राष्ट्रिय स्वास्थ्य सूचना प्रणालीसँग आबद्ध गर्न सम्बन्धित सबै सरोकारवालाहरुको समन्वयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले कार्यदल मार्फत कार्य प्रारम्भ गर्ने।

१८. Specialist Nurse, Specialist Midwife, Advanced Practice Nurse तथा Nurse/Midwife Practitioner को अध्ययन सुरुवात र पद सिर्जना गर्न नेपाल नर्सिङ्ग परिषद्को नेतृत्वमा अभियन्ताका प्रतिनिधीहरु सहित सम्बन्धित सरोकारवालाहरु सम्मिलित स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले १ हप्ताभित्र कार्यदल गठन गरी १ महिना भित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्न लगाउने।

१९. नर्स अभियन्ता ज्योती रानाभाटले आफुले सुरु गरेको सत्याग्रहका सवै कार्यक्रमहरु आजैका मितिदेखि अन्त्य गर्ने।

हस्ताक्षर:

नर्स अभियन्ता श्री ज्योति रानाभाट।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका **तर्फबाट:**

डा. श्रीकृष्ण श्रेष्ठ, अतिरिक्त सचिव।

डा. हेमन्त चन्द्र ओझा, व. मेडिकल सुपरिटेन्डेन्ट,

जय प्रसाद सुबेदी, कानुन अधिकृत।

रोहबर:

१. डा विकास देवकोटा, सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय।
२. डा. संगिता कौशल मिश्रा, अतिरिक्त सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय।
३. डा. मनोहर प्रधान, प्रमुख विज्ञ सल्लाहकार, मा. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री।
४. श्री प्रकृति ढकाल, स्वकीय उपसचिव, सम्माननीय प्रधानमन्त्री।
५. श्री चन्द्रकान्त भुसाल, सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय।
६. श्री गगनसिंह बिष्ट, उप-सचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
७. श्री ईन्द्र प्रसाद अर्याल, बरिष्ठ अधिवक्ता (अभियन्ताका तर्फबाट)
८. श्री कल्पना रिजाल (अभियन्ताका तर्फबाट)
९. श्री अनिसा पराजुली (अभियन्ताका तर्फबाट)
१०. श्री कविता सिदौला (अभियन्ताका तर्फबाट)

**ईति सम्बत २०८३ साल श्रावण महिना ३० गते रोज ४ शुभम्।**